Non-Resident Nepali Association (NRNA)

गैरआवासीय नेपाली संघ

*Ref.*

**प्रेस वक्तब्य**

युक्रेनमा पछिल्लो विकसित घटाक्रमको कारणले त्यहा रहनु भएका नेपालीहरुको सुरक्षा प्रति संघ चिन्तित रहेको छ । त्यहाँ रहनु भएका ३८ जना नेपालीहरु राष्ट्रिय समन्वय परिषद् युक्रेनको सम्पर्कमा रहेका छन् । उहाँहरु युक्रेनमै लामो समयदेखि स्थायी बसोबास गर्दै आउनुभएको छ । युक्रेनमा पछिल्लो विकसित घटनाक्रमबीच उहाँहरु सबै सकुशल रहनुभएको खबर प्राप्त भएको छ ।

त्यसबाहेक पनि युक्रेनमा ४४ विद्यार्थीहरु र ट्रान्जिटमा २०० भन्दा बढी नेपालीहरु रहेको जानकारी प्राप्त भएको छ । त्यहाँस्थित सबै नेपालीहरुलाई आफ्नो अवस्था बारे राष्ट्रिय समन्वय परिषद् युक्रेनमा जानकारी गराउनुहुन अनुरोध गर्दछौं ।

साथै, युक्रेनमा रहेका सबै नेपालीहरुलाई आफू सुरक्षित रहन र त्यहाँको घटनाक्रम मूल्यांकन गरि आवश्यक परे स्वदेश फर्कन समेत संघ आग्रह गर्दछ ।

युक्रेनमा सम्पर्कका लागि :
अध्यक्ष : हरि मल्ल, राष्ट्रिय समन्वय परिषद युक्रेन
सम्पर्क नम्बर : +380934347700
इमेलः hariodessa@yahoo.com

नेपालस्थित संघको सचिवालयमा सम्पर्कका लागि
गैरआवासीय नेपाली संघको सचिवालय काठमाडौं
सम्पर्क नम्बर : 977-01-4411530

डिबि क्षेत्री,
प्रवक्ता

मिति २४, फेब्रुवरी २०२२ ।